# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय

## प्रेस विज्ञप्ति

**विगत केही दिन देखि धितोपत्र बजारमा शेयर मूल्यमा आएको परिवर्तनलाई नेपाल राष्ट्र बैंकको निर्देशनसँग जोडेर समाचार तथा विश्लेषणहरु सम्प्रेषण भएको प्रति यस बैंकको ध्यान आकृष्ट भएको छ । शेयरको मूल्यमा आएको परिवर्तनसँग नेपाल राष्ट्र बैंकको निर्देशनको खासै सम्बन्ध नरहेको कुरा जानकारी गराउने अभिप्रायले शेयरबजारका सर्वसाधारण लगानीकर्तालाई सुसूचित गर्न यो विज्ञप्ति जारी गरिएको छ :**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले धितोपत्र विनिमय बजारमा सूचीकृत कुनै एक संगठित संस्थाको शेयर, डिबेञ्चर वा कुनै सामुहिक लगानी कोषमा लगानी गर्दा ठिक अघिल्लो त्रयमासमा कायम प्राथमिक पूँजीको १० प्रतिशतमा नबढ्ने गरी र सबै संगठित संस्थाहरुको शेयर, डिबेञ्चर वा सामुहिक लगानी कोषमा बढीमा आफ्नो प्राथमिक पूँजीको ३० प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्ने व्यवस्था कायमै रहिआएको छ ।

बैंक तथा वित्तीय संस्थाले गरेको कुल लगानीलाई व्यापारिक लगानी (Held For Trade), बिक्रीको लागि उपलब्ध लगानी (Available for Sale) तथा भुक्तानी मितिसम्म धारण गर्ने लगानी (Held to Maturity) गरी तीन भागमा छुट्टयाउनु पर्ने व्यवस्था यस अघि यस बैंकको २०७१ असारमा जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. ४ को बुँदा २ को उपबुँदा ३ मा भइसकेको छ । सो निर्देशन अनुसार व्यापारिक लगानी (Held for Trade) शीर्षक अन्तर्गत अल्पकालमा मूल्यमा हुने परिवर्तनबाट नाफा आर्जन गर्ने उद्देश्यले गरिएका लगानी तथा लगानी पोर्टफोलियोमा रहेका एकै प्रकृतिका सम्पत्तिमा भएको लगानी पर्दछन् । बजारदर अनुरुप दैनिकरुपमा मूल्याङ्कन गर्ने (Mark to Market on Daily Basis) र मूल्यमा हुने भिन्नतालाई नाफा/नोक्सान हिसाब खातामा देखाउनु पर्ने व्यवस्था रहेको छ ।

सोही निर्देशनमा बिक्रीको लागि उपलब्ध लगानी (Available for Sale) शीर्षक अन्तर्गत व्यापारिक लगानी (Held for Trading) र भुक्तानी मितिसम्म धारण गर्ने लगानी (Held to Maturity) अन्तर्गत नपर्ने सम्पूर्ण लगानीलाई यस वर्गमा राख्ने व्यवस्था छ भने यस्ता लगानीलाई बजारदर अनुरुप नियमित रुपमा मूल्याङ्कन (Mark to Market on Regular Basis) गरी भिन्नतालाई जगेडा (Reserves) मार्फत समायोजन (Adjust) गर्नु पर्दछ भन्ने व्यवस्था रहेको छ ।

यस बैंकले मिति २०७१/०५/०४ मा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशनले बैंक तथा वित्तीय संस्थाले गर्ने लगानीको लागि पूर्ववत् रुपमा कायम रहेको कुल सीमामा कुनै परिवर्तन गरेको छैन । सो निर्देशनले कुल लगानी मध्ये दैनिक रुपमा मूल्याङ्कन गरिने व्यापारिक लगानीको (Held for Trading) मात्र प्राथमिक पुँजीको १ प्रतिशतसम्म लगानी गर्न सक्ने सीमा कायम गरेको हो । यसबाट बैंक तथा वित्तीय संस्थाले खरिद गरेको धितोपत्र बिक्री नगरेको अवस्थामा केवल मुल्याङ्कनका आधारमा मात्र हुन सक्ने Unrealized Gain लाई आम्दानी जनाउन

सीमा लाग्ने र सो प्रकृतिको धितोपत्र तोकिएको सीमा भन्दा बढी धारण गरिसकेको अवस्थामा सीमाभित्र ल्याउन पर्याप्त समय प्रदान गरेको छ । लगानीको वर्गीकरण बैंक तथा वित्तीय संस्था आफैले तय गर्नसक्ने र आफ्नो लगानीलाई बिक्रीको लागि उपलब्ध लगानी (Available for Sale) शीर्षक अन्तर्गत वर्गीकरण गर्न सक्ने विकल्प समेत विद्यमान छ । सो निर्देशन नेपाल राष्ट्र बैंकले ईजाजतपत्र प्रदान गरेका बैंक तथा वित्तीय संस्थाहरुले गर्ने Speculative प्रकृतिको अल्पकालीन लगानी कारोवारलाई व्यवस्थित गर्न ल्याइएको हुँदा यस व्यवस्थाले समग्र बैंकिंग प्रणालीलाई थप सुरक्षित बनाउने विश्वास केन्द्रीय बैंकको रहेको छ ।

**२०७१ भदौ १० गते मंगलबार**

**मनमोहन कुमार श्रेष्ठ**
**प्रवक्ता तथा कार्यकारी निर्देशक**